आज मिति २०७६/०९/०१ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | [signature] |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | [signature] |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | [signature] |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | [signature] |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | — |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | [signature] |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | [signature] |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | [signature] |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | — |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | [signature] |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | [signature] |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | [signature] |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | [signature] |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | [signature] |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | [signature] |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | [signature] |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | [signature] |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | [signature] |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | [signature] |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | [signature] |
| २१ | श्री कृष्ण प्रसाद पाण्डे | सदस्य - सचिव | बुद्धभूमि न.पा. | [signature] |

Scanned by CamScanner

## मितिः २०७६।०९।०१ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु

**प्रस्ताव नं. १ : तालको ठेक्का सम्बन्धमा।**

**निर्णय नं. १ (क)** गत विगत आ.व. मा ठेक्का बन्दोवस्त भई ठेक्कामा गएका तपशिल बमोजिमका तालहरुको पुनः ठेक्का प्रक्रिया अगाढी बढाउन आवश्यक देखिएकोले तपशिल बमोजिम न्यूनतम अंक कायम गरी ठेक्का प्रकृया अगाडि बढाउन राजश्व परामर्श समितिको मिति २०७६।८।२९ गते बैठकको सिफारिस अनुसार निम्न बमोजिम न्यूनतम ठेक्का अंक कायम गर्न नगर सभामा सिफारिस गर्न निर्णय गरियो।

| क्र.सं. | तालको नाम ठेगाना | गत ५ वर्षमा ठेक्का लागेको कुल अंक | आगामी ५ वर्षको लागि ठेक्का लगाउने प्रयोजनको लागि न्यूनतम कायम गरिको कुल अंक |
|---|---|---|---|
| १ | देउरी ताल, बुद्धभूमि न.पा. वडा नं. ४ | ४८९००००।- | ६०,००,०००।- |
| २ | गेलवार ताल, बुद्धभूमि न.पा. वडा नं. ४ | २०२५०००।- | २५,००,०००।- |

**निर्णय नं. १ (ख)** यस भन्दा पहिले नै साविकका गा.वि.स.हरूबाट सम्झौता भई ठेक्का लगाइएका दुविया र बुड्ढी तालको अशुल गर्नु पर्ने बाँकी बक्यौता रकम हाल सम्म प्राप्त नभएकोले अशुलीको लागि अन्तीम पटक ७ दिनको म्याद दिई पत्राचार गर्ने र उक्त म्याद भित्र पनि भुक्तानी गर्न नआएमा ठेक्का संझौता रद्द गरी असुल उपर हुनुपर्ने रकम असुल उपरको लागि आवश्यक प्रकृया अगाडि बढाउने र ठेक्का प्रकृया अगाडि बढाउन राजश्व परामर्श समितिको मिति २०७६।८।२९ गते बैठकले सिफारिस गरेको हुँदा आगमी नगरसभाबाट स्वीकृतका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. १ (ग)** यस नगरपालिकाको सामुदायिक बन भित्र पर्ने तथा समुदायको मातहतमा रहेका तालहरुलाई ठेक्का प्रक्रियामा ल्याई नगरको आय बृद्धि गर्नेको लागि सम्वन्धित सामुदायिक बनका पदाधिकारी तथा समुदायहरुसंग छलफल गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न राजश्व परामर्श समितिको सिफारिस बमोजिम निम्न समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| संयोजक | :नगर उप-प्रमुख |
| सदस्य | :सम्वन्धित वडाका वडा अध्यक्ष |
| सदस्य | :प्रशासन शाखा प्रमुख |
| सदस्य सचिव | :राजस्व उप शाखा |

**प्रस्ताव नं. २ : क) नदी तथा खोलानालको ठेक्का स्वीकृत सम्बन्धमा।**

**निर्णय :** यस कार्यालयबाट वाणगंगा खोला, भिगवा खोला, वेल गुडरुवा खोला, कुन्द्रा खोला र अगिया सहित ५ वटा खोला हरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिकी बितरण गर्नको लागि बिद्धुतीय बोलपत्र/दरभाउपत्र आव्हान गरिएकोमा यस कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४० तथा नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को नियम ९४ को उपनियम १४ अनुसार स्वीकृतका लागि पेश भएका तपसिल बमोजिम ठेक्का स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

तपसिल

| क.सं | ठे.नं. | विवरण | दरभाउपत्र/बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट समेत) रु. |
|---|---|---|---|---|
| १ | 1/BM/REV /076/077 | बाणगंगा खोला | श्री कस्तुरी निर्माण सेवा कपिलवस्तु नगरपालिका २ कपिलवस्तु | ५९,८९,०००/-(उनान्साठी लाख उनानब्बे हजार मात्र) |
| २ | 2/BM/REV /076/077 | झिंगवा खोला | श्री शाही पोखेल कन्ट्रक्सन बुद्धभुमी नगरपालिका १ कपिलवस्त | १,५०,२९,०००/००(एक करोड पचासलाख उनान्तीस हजार) |
| ३ | 3/BM/REV /076/077 | गुडरुवा खोला | श्री रितेश निर्माण सेवा क.व. नगरपालिका ९ कपिलवस्तु | १७,७४,०९९/९९(सत्रलाख चौरहतर हजार उनान्सय रुपैया र उनान्सय पैसा मात्र) |
| ४ | 4/BM/REV /076/077 | कुन्द्रा खोला | श्री खड्का माटो सप्लायर्स बुद्धभुमी. नगरपालिका १० कपिलवस्तु | १,५४,८१,०००/००(एक करोड चौंवन्न लाख एकासी हजार रुपैया मात्र) |
| ५ | 5/BM/REV /076/077 | अगीया खोला | श्री समृद्धी निर्माण सेवा वाणगंगा गरपालिका १३ कपिलवस्तु | १,२९,९५,५८१/९५(एक करोड उनान्तिस लाख पन्चानब्बे हजार पाँचसय एकासी रुपैया र पन्चानब्बे पैसा मात्र) |

**प्रस्ताव नं. २ : ख) घाटगद्दीको खर्च दररेट स्वीकृत सम्बन्धमा।**

निर्णय : यस बुद्धभूमि नगरपालिकाको प्राविधिक शाखाबाट ढुवानी खर्च विश्लेषण गरी पेश भएको खोला नालाबाट उत्खनन् तथा संकलन गरी विक्री वितरणको लागि घाटगद्दी गर्न लोड अनलोड र ढुवानी बापत लाग्ने खर्चको लागि प्रति क्यू फिट रू. ९।८६ कायम गरी ठेक्का प्रकृया अगाडि बढाउने र आगामी नगरसभाबाट अनुमोदन गराउन सिफारिस समेत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : ग) खोला नालाबाट उत्खनन, संकलन निकासी गर्दा नियम विपरीत कार्य गरे बापत जरिवाना सम्बन्धमा।**

निर्णय : आ.व. ०७६/७७ को लागि यस नगरपालिका भित्रको नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा उक्त ठेक्का सम्झौतामा उल्लेखित शर्त उलंघन गरेमा वा प्रमाणित नगरेको रसिदबाट कर उठाएमा वा नक्कली रसिद छाप र दस्तखत प्रयोग गरेको पाइएमा वा समय र परिमाण उल्लेख नगरी असुल गरेको पाईएमा वा संकलन गर्नुपूर्व लगाईएको रेखांकन नष्ट गरेको पाइएमा वा तोकिएको मापदण्ड भन्दा गहिरो हुने गरि उत्खनन गरेमा वा सम्झौताको शर्त उलंघन गरेमा पहिलो पटक रु. १०,०००।– पुनः दोहोरिएमा पटकै पिच्छे रु. १५,०००।– जरिवाना गर्ने र पटक पटक सोही कार्य गरे वा गराएमा ठेक्का तोड्न सकिनेछ। साथै सम्झौता नभएका खोला नालाहरूबाट चोरी निकासी गरेको पाइएमा नगरपालिकाकाले घाटगद्दी सहित तोकिएको दररेटमा सत प्रतिशत थप गरी जरिवाना गर्ने र अगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो।

**प्रस्ताव नं. २ : घ) आय ठेक्का शर्त सम्बन्धमा।**

निर्णय : खोला नालाबाट उत्खनन, संकलन ढुवानी तथा निकासी कार्यको ठेकेदारहरूले कार्यालयसँग गरेको सम्झौता अनुसार कामको नियमन गर्नको लागि सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिलाई दैनिक रूपमा अनुगमन गर्न लगाउने साथै समितिले प्रत्येक महिना अनुगमन/नियमन प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. २ : ङ) आय ठेक्का शर्त सम्बन्धमा ।**

निर्णय : २ (ख) बमोजिम स्वीकृत गरिएका आय ठेक्काहरूको सम्झौता निम्नानुसारका शर्तका आधारमा गर्ने निर्णय गरियो ।

**शर्तहरू:**

१. दोस्रो पक्षले उपरोक्त बमोजिमको परिमाण, सम्झौता अनुसार तोकिएको क्षेत्र र लम्बाई, चौडाई र गहिराई भन्दा बढी हुने गरि नदिजन्य पदार्थ संकलन गर्न पाईने छैन ।

२. दोस्रो पक्षले घाटगद्दी स्थलबाट नदीजन्य पदार्थको बिक्रि गर्दा रोएल्टी वापतको रकम रु.६.७८ (मु.अ.कर सहित) समेत गरी प्रति क्यू.फि. अधिकतम मूल्य रु.१६।६४ भन्दा बढीमा बिक्रि गर्न पाईने छैन ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा कुनै दस्तुर लगाई लिन पाउने छैन । तोकिएको परिमाण निकासीको स्थिती पहिचानका लागि सहज बनाउन टेक्टर, ट्रक, टिप्परको अलग अलग रसिद प्रयोग गर्नु पर्ने छ । यस नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गर्न पाउने छैन । स्थानीय बिकास निर्माण तथा घरसार प्रयोजनका लागि प्राथमिकता दिई निकासिको ब्यवस्था मिलाउनु पर्नेछ ।

४. नदीजन्य पदार्थको संकलन कार्यमा प्रयोग हुने सामाग्रीहरू: साबेल, बेल्चा, डोको, हातले टिपेर, चाल्नी र घाटगद्दीसम्मको ढुवानीको लागि ट्याक्टर, टिप्पर र ट्रक मात्र प्रयोग गर्नुपर्ने छ । सो बाहेक अन्य कुनै हेवी मेशिनरीको प्रयोग गर्न पाईने छैन तर घाटगद्दी गरिएको स्थानबाट नदिजन्य पदार्थको बिक्रि गरिएको मालवस्तु लोडिङको लागि अति आवश्यक भारी मेशिनरी साधनहरु प्रयोग गर्न सक्नेछ ।

५. संकलन गरीएको नदीजन्य पर्दाथको घाट गद्दी गर्ने स्थानको व्यवस्था दोस्रो पक्ष आफैले गर्नुपर्ने छ ।

६. नदीजन्य पर्दाथको उत्खनन्, संकलन गर्दा माटो, पानी, कृषि योग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कूल, कलेज, मानवस्ती जस्ता भौतिक पूर्वाधारम असर नपुग्ने गरी गर्नुपर्नेछ ।

७. नदी बस्ती क्षेत्रमा हर्न बजाउन, बाढी आएको बेला, हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाईने छैन । नदिजन्य पदार्थ संकलन तथा ढुवानी कार्यको लागि स्थानीय मानिसहरूलाई प्राथमिकता दिनुपर्नेछ । साथै उक्त कार्यमा खटिएका कामदारहरुका लागि दुर्घटना बिमाका साथै प्राथमिक उपचार र मास्कको व्यवस्था दोस्रो पक्षले मिलाउन पर्ने छ साथै नदी जन्य पदार्थ उत्खनन् तथा संकलन कार्य सुर्योदय देखी सुर्योस्त सम्मको समयमा मात्र गर्नुपर्नेछ । घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने ब्यवस्था दोस्रो पक्षले मिलाउनु पर्नेछ ।

८. वन ऐन २०४९, वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को प्रावधान बमोजिम स्वीकृत IEE का शर्तहरु ठेक्काको शर्तमानी दुवै पक्षबाट पालना गरिनेछ ।

९. नदीजन्य पदार्थ संकलन गर्ने क्रममा संकलन गर्न ईजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरात्तातिक ऐतिहासिक बस्तु फेला परेमा तत्काल नगरपालिकामा बुझाउनु पर्नेछ ।

१०. तोकिएको घाटगद्दी स्थलमा तोकिएको नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन् ।

११. तोकिएको स्थान बाहेक अन्यत्र भन्डारण वा घाटगद्दी गरे गराएमा तथा कार्यविधिको विपरितको कार्य गरेमा बिक्री मूल्यको दोब्बर रकम असुल गर्न र मालवस्तु जफत समेत गर्न सक्नेछ ।

१२. सम्झौता अनुसार घाटगद्दीको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि सम्झौता भएको कार्यालयमा निवेदन दिनुपर्नेछ । नदीजन्य पदार्थको बिक्रि बितरणको कार्यको लागि घाटगद्दि पश्चात बिक्रिको लागि स्वीकृत लिनुपर्ने छ । नदीजन्य पदार्थ उत्खन्न संकलन र घाटगद्दी गर्ने कार्य नभएसम्म ब्यवसायीले नदीजन्य पदार्थ विक्री गर्न पाउने छैन । घाटगद्दी गरिएको परिमाणको ब्रिक्रि स्विकृती पश्चात मात्रै समझौता बमोजिमको अधिकतम दररेटमा नवढाई घाटगद्दिबाट नदी जन्य पादार्थ बिक्रि गर्न पाउने छ ।

१३. नदीजन्य पदार्थको घाटगद्दी गरिएको मासिक प्रगती प्रत्येक महिनाको ७ गते भित्र कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

१४. तोकिएको क्षेत्र भन्दा अन्यत्र बाट नदीजन्य पादार्थ उत्खन्न गर्न पाईने छैन् ।

१५. दोस्रो पक्षले कर उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । राजश्व असुल गर्दा समय उल्लेख नगरि रसिद काटेमा वा प्रमाणित नगरेको रसिदबाट कर उठाएमा वा प्रमाणित नगरेको रसिद ठेली प्रयोग गरेमा वा संकलन गर्नु पूर्व लगाईएको रेखाँकन नष्ट गरेमा वा तोकिएकको मापदण्ड विपरितका शर्त उलंघन गरेको पाईएमा पहिलो पटक रु.१००००।-, पुन: दोहोरिएमा पटकै पिच्छे रू.१५,०००।– जरिवाना र पटक पटक गरि रहेमा धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ । घाटगद्दी गरिएको नदीजन्य पदार्थ बिक्रि शुरुगरेपछि प्रत्येक १५/१५ दिनमा

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नगरपालिकाबाट तोकिएको ढाँचामा परिमाण खुल्ने गरि तयार गरिएको विवरण र प्रयोग भएका रसिदहरुको एक प्रति यस कार्यालयमा पेश गर्नुपर्नेछ।

१६. ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन।

१७. यस ठेक्काको शर्त तथा ठेकेदारबिच कुनै कानूनी अड्चन परेमा वा विवाद भएमा दुबै पक्षबीच आपसी सरसल्लाह र समझदारीबाट समाधान गरिनेछ। समाधान नभएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय दोस्रोपक्षले मान्नुपर्नेछ।

१८. दोस्रो पक्षले घाटगद्दी स्थलमा कर लाग्ने सामानको नाम, संकलन/उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि तथा तोकिएको दरेटमा कम्तिमा १ ईन्चको अक्षर बोर्डमा लेखि सबैले देखिने गरि बोर्ड तयार गरि राख्नुपर्नेछ।

१९. संकलन गरीएको नदीजन्य पर्दाथको घाटगद्दीको मापदण्ड प्रदेश नं ५ ले जारी गरेको नदीजन्य पर्दाथको व्यवस्थापन कार्यविधी २०७५ बमोजिम हुनेछ। सम्झौतामा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२०. भिजेको चिसो बालुवाबाट पानी चुहिने गरी ढुवानी गर्न पाइने छैन। सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्न प्रबन्ध मिलाउनु पर्नेछ।

२१. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरीने क्षेत्रको परिमाण यकिन गर्दा स्थानीय तहका प्रतिनिधि समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकाल्ने परिमाण र उत्खनन गरिने गहिराई समेत उल्लेख गरी सिमाकंन गरिनेछ।

२२. ठेक्का सम्झौता भएको ७ दिन भित्र ठेकेदार र प्राविधिक कर्मचारी समेतको रोहवरमा संकलन गर्न सकिने स्थानको सिमाकंन तथा रेखाकंन गरिने र संकलन/उत्खनन गरिने कार्यमा संलग्न सम्भावित कामदारलाई बातावरणीय सचेतना दिएपाछि मात्र कार्यको सुरूवात गर्नु पर्नेछ। उल्लेखित कार्य पुरा नभएसम्म ठेकेदारले नदीबाट निकासी गर्न पाउने छैन।

२३. उत्खनन पश्चात के कति परिमाण नकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी परिमाण उत्खनन गर्न नपाउने साँध, किल्ला र निशानाका आधारमा परिमाण एकिन गरे पछि मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गरिने र यसरी गरिएको सिमाभित्रबाट मात्र नदीजन्य पदार्थ उत्खनन गरी लैजाने दिइनेछ।

२४. ठेक्का समाप्त भएपिछ आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ।

२५. स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित ०.५ मिटर गहिराईको मापनको आधारमा कामदारबाट श्रम मुलक प्रक्रिया अपनाई उत्खनन गर्नुपर्नेछ।

२६. नदिजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरुले ढुवानी अवधि भर राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ र स्थानीय तहले निर्धारण गरेको स्वीकृत दररेट अनुसार श्रमिकहरुको ज्याला भुक्तानी गर्नु पर्नेछ।

२७. वनक्षेत्र भित्रको वनपैदावर वस्तुहरुको चोरी निकासी तथा ओसार पोसार गर्न पाइने छैन, यदी गरेको पाइएमा वन ऐन, २०४९ अन्तर्गत कारवाही हुनेछ।

२८. यसमा लेखिएको शर्त तथा बन्देजमा यसै बमोजिम र अन्य नलेखिएको हकमा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिबाट भएको निर्देशन, वातावरणीय परिक्षण प्रतिबेदन, प्रदेशबाट जारी भएको नदीजन्य पर्दाथ व्यवस्थापन कार्यविधि २०७५, वन ऐन २०४९, र अन्य प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

२९. नगरपालिकाबाट तोकिएको स्थान बाहेक खोलाको दायाँबाँया ५०० मिटर भित्रको दुरीमा मालवस्तु थुपऱ्याउन (Deposit) पाइनेछैन। सार्वजनिक स्थलबाहेक निजी जग्गामा डिपोजिट गर्नु परेमा परिमाण र स्थान अनिवार्य रूपमा जानकारी गराई स्वीकृत लिएर मात्र डिपोजिट गर्नुपर्नेछ तर ठेक्का अवधि पश्चात डिपोजिट गरेको नदीजन्य पदार्थ ओसारपासर गर्न पाईने छैन।

३०. नदीजन्य पदार्थ उत्खनन तथा संकलनकात्र लागि मेसिन प्रयोग नगरेका खोला/नाकाहरूको हकमा तपसिल बमोजिम म्याद भित्र घाटगद्दीको स्थानबाट नदीजन्य पदार्थ उठाई सक्नु पर्नेछ।

क) ५,००० घ.मि. सम्म ठेक्का सम्झौता देखि २ महिना सम्म।

ख) ५,००० घ.मि. देखि १०,००० घ.मि. सम्म ३ महिना।

ग) १०,००० घ.मि. देखि २०,००० घ.मि. सम्म ४ महिना।

घ) २०,००० घ.मि. भन्दा बढी परिमाण पुरा नभए सम्म वा जेष्ठ मसान्त सम्म।

३१. यो सम्झौता साथ दिईएको कार्यादेशको बर्खिलापमा कामकाज गरेको ठहरेमा ठेक्का तोडी तपाईको नाम कालो सूचिमा राखिने छ र त्यसबाट यस नगरपालिकालाई हुनजाने नोक्सानी सम्पूर्ण रकम धरौटी रकमबाट असुल उपर गरिने छ।

कौशल कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. ३ : विशेष अनुदान माग सम्बन्धमा ।**

निर्णय : यस बुद्धभूमि नगरपालिकाका गरिब, अल्प संख्यक तथा पिछाडिएका जनताहरूको उत्थानको लागि निजहरूको सुरक्षित आवास निर्माण गर्नको लागि जस्ता पाता खरिद गरी वितरण गर्न विशेष अनुदान आयोजना कार्यक्रम स्वीकृतका लागि प्रस्ताव पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : सामाजिक परिचालकको तलब सम्बन्धमा ।**

निर्णय : सामाजिक परिचालकहरूलाई दैनिक ज्यालादरीमा काम गर्ने गरी काममा लगाईको तर निजहरूलाई भुक्तानी दिदा मासिक काम गरेबापत भुक्तानी दिँदै आएको हुँदा रूजु हाजिरको आधारमा हुनुपर्नेमा सो नभएकोले आ.व.२०७६।७७ मा निजहरूको भुक्तानी रूजू हाजिरीको आधारमा गर्ने गरी नियुक्ती /सम्झौता दैनिक रू. ५४० भएको तर आ.व. २०७६/०७७ को लागि चालू तथा प्रशासनिक खर्च शिर्षकहरूको पुष्ठ्याईको निर्णय नं. १२ मा सामाजिक परिचालकहरूको मासिक तलब रू. १४ हजार तोकिएको हुँदा उक्त दुविधा हटाउनको लागि हाललाई नियुक्ती/सम्झौतामा तोकिएको पारिश्रमिक २०७६ मंसिर मसान्त सम्मको भुक्तानी गर्ने र सो व्यहोरा अगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : प्रदेश राजधानी सिफारिस गरेकोमा धन्यवाद ज्ञापन दिने सम्बन्धमा ।**

निर्णय : ५ नं. प्रदेशको राजधानी सिफारिस समितिले यस बुद्धभूमि नगरपालिकालाई समेत राजधानीको लागि सिफारिस गरेकोमा स्वागत तथा उक्त समितिलाई धन्यवाद ज्ञापन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : विविध**

क) बहुक्षेत्रीय पोषणा योजना कार्यक्रमको स्वीकृत सम्बन्धमा ।

निर्णयः आ.व. २०७६/७७ को बहुक्षेत्रीय पोषणा योजनाको बार्षिक कार्यक्रम नगर स्तरीय पोषणा तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७६।०९।०१ गतेको बैठकले सिफारिस गरे बमोजिम शर्सत अनुदान तर्फको रू. २०,००,०००।- को कार्यक्रमहरू स्वीकृत गर्ने निर्णय गरियो ।

ख) ३ नं. वडा कार्यालयको घर वहाल सम्झौता सम्बन्धमा ।

निर्णयः आ.व. २०७६/७७ को ३ नं. वडा कार्यालयको कार्यालय रहेको घर बहालको सम्झौता मिति २०७६ आषाढ मसान्त सम्म रहेको घरधनी श्री डिलाराम भट्टराईले उक्त घरको बहाल कर बाहेक रू. ६०००।- पाउने गरी घर बहालमा दिन मन्जुर गरेको तर उक्त रकम साविकको घर बहाल भन्दा ३० प्रतिशत भन्दा बढी भएकोमा नियमानुसार उक्त रकम घर बहाल वृद्धि र उक्त घरबाट कार्यालय सञ्चालन भई रहेको साथै वडा कार्यालयलाई पायक पर्ने उक्त स्थान रनगाईमा अन्य उपयुक्त घरहरू नरहेकोले प्रति महिना रू. ६६००।- को दरले घर बहाल सम्झौता गर्ने निर्णय गरियो ।

नगर प्रमुख

Scanned by CamScanner